नेपाल सरकार

शिक्षक सेवा आयोग

माध्यमिक तह (कक्षा ९-१२) को शिक्षक अध्यापन अनुमतिपत्रको लिखित परीक्षा पाठ्यक्रम, २०७५

पहिलो पत्र : नेपाली - ६५ अङ्क

परिचय

मौजुदा व्यवस्थाअनुसार विद्यालय तहमा शिक्षक बन्न चाहने व्यक्तिले आफूलाई शिक्षण पेसाका लागि योग्य तुल्याउन अध्यापन अनुमति पत्र लिनुपर्ने व्यवस्था गरिएको छ । अध्यापन अनुमति पत्रले शिक्षण पेसा छनोट गर्नेहरूमा पेसागत ज्ञान, दक्षता र प्रतिबद्ता विकास गर्छ । यसले सम्बन्धित विषयको विषयगत ज्ञान र सीपको अतिरिक्त माथिल्लो स्तरको प्राज्ञिक दक्षता, शिक्षण सिकाइ योजना, शिक्षण सहजीकरण र मूल्याङ्कन गर्ने तौरतरिकामा समेत शिक्षकलाई सबलीकरण गर्छ । यस पक्षलाई दृष्टिगत गरी माध्यमिक तहमा नेपाली विषय शिक्षण गर्न चाहनेहरूका लागि आवश्यक पर्ने अपेक्षित ज्ञान, सीप र दक्षताका विविध पक्ष समावेश गरी यो पाठ्यक्रम तयार गरिएको छ ।

उद्देश्य

यस पाठ्यक्रमले विद्यालय शिक्षाको माध्यमिक तहमा नेपाली विषय अध्यापन गर्न चाहनेहरूमा निम्नअनुसारका दक्षता सुनिश्चित हुने अपेक्षा गरेको छः

१. विधाको परिचय, तत्त्व र विकासक्रम बोध गरी नेपाली भाषा शिक्षणमा विधाको उपयोग गर्न,

२. नेपाली भाषाका आधारभूत पक्षको जानकारी हासिल गर्न,

३. साहित्यको आधारभूत अवधारणा बोध गर्न,

४. व्याकरणका आधारभूत पक्षको जानकारी हासिल गर्न,

५. नेपाली भाषा शिक्षणमा बोध, अभिव्यक्ति र व्यावहारिक तथा सिर्जनात्मक लेखन शिल्प प्रयोग गर्न,

६. नेपाली भाषा शिक्षणको अवधारणा बोध गरी अध्यापन योजना तयार गरी सोका आधारमा प्रभावकारी शिक्षण सहजीकरण र मूल्याङ्कन गर्न,

७. उपयुक्त विधि र सामग्रीको प्रयोग गरी भाषिक सीप, विधा तथा व्याकरण शिक्षण गर्न ।

उल्लिखित उद्देश्य तपसिलबमोजिमको विषयवस्तुबाट पूर्ति हुने अपेक्षा गरिएको छ :

खण्ड (क) : विषयवस्तुसम्बन्धी ज्ञान ४० अङ्क

१. विधाको परिचय

१.१ कथाको परिचय

१.१.१ परिभाषा र तत्त्व

१.१.२ आधुनिक नेपाली कथाको विकासक्रम (प्रवृति र चरण)

१.२. निबन्धको परिचय

१.२.१ परिभाषा र तत्त्व

१.२.२ आधुनिक आधुनिक नेपाली निबन्धको विकासक्रम ( प्रवृति र चरण)

१.३. कविताको परिचय

१.३.१ परिभाषा र तत्त्व

१.३.२ नेपाली कविताको विकासक्रम ( प्रवृति र चरण)

१.४. उपन्यासको परिचय

१.४.१ परिभाषा र तत्त्वहरू

१.४.२ आधुनिक नेपाली उपन्यासको विकासक्रम ( प्रवृत्ति र चरण)

१.५. नाटकको परिचय

१.५.१ परिभाषा र तत्त्वहरू

१.५.२ आधुनिक नेपाली नाटकको विकासक्रम ( प्रवृत्ति र चरण)

२. भाषाको परिचय

२.१.नेपाली भाषाको परिचय

२.१.२ भाषाका विशेषता

२.१.३ भाषिक व्यवस्था (वर्ण, व्याकरण, अर्थ, वाक्य र शब्दभण्डार)

२.१.४ भाषिक अध्ययन (ऐतिहासिकता, वर्णनात्मकता, तुलनात्मकता)

२.२. नेपाली भाषाको इतिहास

२.२.१ भारोपेली परिवारको परिचय

२.२.२ संस्कृत, प्राकृत र अपभ्रंश भाषाको परिचय

२.२.३ प्राचीन, मध्यकालीन र आधुनिक नेपाली भाषाको परिचय

२.३. नेपाली भाषाको स्वरूप

२.३.१ उच्चारण व्यवस्था (स्वर, व्यञ्जन र अक्षर प्रणाली)

२.३.२ व्याकरणः शब्द निर्माण, रूप, शब्द र वाक्य

२.३.३ नेपाली कथ्य र लेख्य भाषाको परिचय

२.३.४ नेपाली भाषाका प्रयोजनपरक भेद, पारिभाषिक शब्दावली र वाक्य गठन

२.४ नेपालका प्रमुख भाषाहरूको सामान्य परिचय

३. साहित्य परिचय

३.१ साहित्यको परिभाषा, हेतु र प्रयोजन

३.२ साहित्यको विधागत वर्गीकरण (सामान्य परिचय मात्र)

३.३ शब्दशक्ति : अभिघा, लक्षणा र व्यञ्जनाको सामान्य परिचय

३.३.१ नवरसको सोदाहरण परिचय

३.३.२ अनुप्रास, यमक, श्लेष, उपमा, रूपक, दृष्टान्त, यमक अलंकारको सामान्य परिचय

४. व्याकरण परिचय

४.१.वर्ण पहिचान

४.१.१ लेख्य र कथ्य नेपाली वर्ण

४.१.२ वर्ण निर्धारण प्रक्रिया

४.१.३ नेपाली स्वर र व्यञ्जनको वर्गीकरण

४.२.अक्षर पहिचान

४.२.१ परिचय र संरचना

४.२.२ अक्षर विभाजन प्रक्रिया

४.३.शब्द पहिचान

४.३.१ नाम, सर्वनाम, विशेषण, क्रिया, क्रियायोगी, नामयोगी, विस्मयादिबोधक, संयोजक र निपातको परिचय, प्रकार र कार्य

४.३.२ शब्दको परिचय (तत्सम, तद्भव,आगन्तुक)

४.३.३ शब्दका प्रकार ( स्रोत, संरचना र रूपायनका आधारमा)

४.३.४ शब्द निर्माण (उपसर्ग, प्रत्यय, समास, द्वित्व र सन्धि)

४.३.५ नामधातु

४.३.६ अनुकरणात्मक शब्द

४.३.वाक्य पहिचान

४.३.१ वाक्यको परिचय र प्रकार (संरचना र कार्यका आधारमा)

४.३.२ वाक्यान्तरण प्रक्रिया (लिङ्ग, वचन, पुरुष, आदर, काल, पक्ष, भाव, वाच्य, वाक्य, कथन, ध्रुवीयताका आधारमा)

४.३.३ वाक्य संश्लेषण र विश्लेषण

४.३.४ पदक्रम र पदसङ्गति

४.३.५ कारक र विभक्ति

४.३.६ मुख्य र आश्रित उपवाक्य

४.३.७ वाक्यमा उखान टुक्काको प्रयोग

५. बोध, अभिव्यक्ति र व्यावहारिक तथा सिर्जनात्मक लेखन

५.१ बोध, बुँदा टिपोट र सङ्क्षेपीकरण (परिचय, लेखन तथा अभ्यास शिल्पको जानकारी)

५.२ भावार्थ, सार, पात्र परिचय, पाठक प्रतिक्रिया लेखन (परिचय, लेखन तथा अभ्यास शिल्पको जानकारी)

५.३ कथा, निबन्ध, जीवनी, संवाद, वक्तृता, वादविवाद, दैनिकी लेखन (परिचय, लेखन तथा अभ्यास शिल्पको जानकारी)

५.४ अनुच्छेद, विज्ञापन, सूचना, पत्र, टिप्पणी, प्रतिवेदन लेखन (परिचय, लेखन तथा अभ्यास शिल्पको जानकारी)

खण्ड (ख) : शिक्षण सहजीकरण प्रक्रिया २५ अङ्क

१. नेपाली भाषा शिक्षणको अवधारणा

१.१ भाषा शिक्षणको परिचय

१.२ नेपाली भाषा शिक्षणको आवश्यकता

१.३ भाषिक सीपहरू र तिनको आपसी सम्बन्ध

१.४ भाषा शिक्षणमा अभ्यासको महत्त्व

    १.५ पहिलो र दोस्रो भाषाका रूपमा नेपाली शिक्षण

    १.६ बहुभाषिक कक्षामा नेपाली शिक्षण

    १.७ प्रारम्भिक पढाइ शिक्षण र पठन संस्कार

    १.८ घटना अध्ययन र परियोजना कार्य

    १.९ भाषा शिक्षणमा ज्ञानको निर्माण र पुनः निर्माण

    १.१० भाषिक न्यायको सिद्धान्त

२. अध्यापन योजना, पाठ्यक्रम, पाठ्य पुस्तक र पाठ्य सामग्री

    २.१ कार्ययोजना, एकाइयोजना र पाठयोजना

    २.२ विभिन्न प्रयोजनका लागि पाठयोजना निर्माण

    २.३ शिक्षण सुधार योजना र उपचारात्मक शिक्षण

    २.४ माध्यमिक तहका नेपाली पाठ्यक्रमको अध्ययन (उद्देश्य/सक्षमता, क्षेत्र तथा क्रम, सहजीकरण प्रक्रिया, सिकाइ उपलब्धि आकलन)

    २.५ माध्यमिक तहका नेपाली पाठ्य पुस्तकहरूको अध्ययन (विषयवस्तु, अभ्यास, भाषाशैली, आकारप्रकार, छपाइ, चित्र, रंग, कागज, साजसज्जा)

    २.६ भाषा शिक्षणमा पाठ्यक्रम र पाठ्यपुस्तकको भूमिका

    २.७ भाषा शिक्षणमा पाठ्यक्रम निर्देशिका, शिक्षक निर्देशिका, सन्दर्भ सामग्री र स्रोत सामग्रीको भूमिका

    २.८ शब्दकोशको प्रयोग

३. शिक्षण विधि र शैक्षिक सामग्रीको प्रयोग

    ३.१ भाषा शिक्षणका विधि : आगमन, व्याकरण अनुवाद, प्रत्यक्ष, श्रुतिभाषिक, मौखिक रचना, संज्ञान, प्रकार्यात्मक, सम्प्रेषणत्मक, सहजीकरण, सहभागितामूलक)

    ३.२ कक्षा सहजीकरणका विधिः व्याख्यान, छलफल, प्रश्नोत्तर, प्रदर्शन, प्रयोग, अभ्यास/पुनरावृत्ति विधिको प्रयोगका फाइदा तथा बेफाइदा

    ३.३ सिकाइ कार्यकलाप : प्रयोगात्मक कार्य, परियोजना कार्य, सम्पर्क कक्षा सहभागिता, सिकाइसम्बद्ध सिर्जनात्मक कार्य, कक्षा कार्य, उपलब्धि परीक्षा, सिकाइ व्यवहारमा आएको परिवर्तन आकलन

    ३.४ सिकाइ उपलब्धि आकलन प्रक्रिया : नेपाली भाषा शिक्षणमा प्रस्तुतीकरण, अभ्यास, उत्पादन, पठन बोध, पृष्ठपोषण, बहु बौद्धिकता आलोचनात्मक सोच र सहकार्यात्मक पद्धतिको प्रयोग

    ३.५ विधाका माध्यमबाट सिपहरूको शिक्षण गर्ने तरिका

    ३.६ श्रव्य, दृश्य, पाठ्य, सामुदायिक र मल्टिमिडिया सामग्रीहरूको परिचय

    ३.७ शैक्षिक सामग्रीहको सङ्कलन तथा निर्माण : चित्र, वर्णपत्ती, शब्दपत्ती, प्रतिमूर्ति, तालिका, गोजीतालिका, झ्याले पत्ती आदि

    ३.८ भाषा शिक्षणमा स्थानीय सामग्री र स्थानीय विज्ञताको उपयोग

    ३.९ शिक्षण सिकाइ प्रक्रियामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग

४.सीप विधा र व्याकरण शिक्षण

    ४.१ सीप (सुनाइ, बोलाइ, पढाइ, लेखाइ) शिक्षण

४.१.१ आवश्यकता

४.१.२ कार्यकलापहरू

४.१.३ सामूहिक र व्यक्तिगत अभ्यास

४.१.४ विशेष आवश्यकता भएका सिकारुलाई भाषा सिकाउने उपाय

४.२ विधा शिक्षण

४.२.१ विधा शिक्षणको प्रयोजन

४.२.२ पद्य (कविता) शिक्षणका कार्यकलाप

४.२.३ गद्य (कथा, निबन्ध, जीवनी) शिक्षणका कार्यकलाप

४.२.४ रूपक (संवाद, विवाद, एकाङ्की, मनोवाद) शिक्षणका कार्यकलाप

४.२.५ उपन्यास शिक्षणका कार्यकलाप

४.२.६ नाटक शिक्षणका कार्यकलाप

४.३ व्याकरण शिक्षण

४.३.१ व्याकरण शिक्षणको आवश्यकता

४.३.२ व्याकरण शिक्षण विधि

४.३.३ वर्णविन्यासका प्रमुख गल्ती क्षेत्र र शिक्षण कार्यकलाप

५. भाषिक मूल्याङ्कन

५.१ भाषिक सीप र भाषातत्वको मूल्याङ्कनका सिद्धान्त

५.२ विशिष्टीकरण तालिका र प्रश्न निर्माणमा शिल्प

५.३ निरन्तर र आवधिक मूल्याङ्कन

५.४ मूल्याङ्कनका साधन

५.५ अक्षराङ्कन पद्धति, रुब्रिक्स र कार्य सम्पादनमा आधारित मूल्याङ्कन

५.६ भाषिक मूल्याङ्कनमा प्रयोगात्मक कार्य

विशिष्टीकरण तालिका

प्रश्न निर्माण योजना (Specification Grid)

पूर्णाङ्क : ६५

| क्र.स. | पाठ्यक्रमको क्षेत्र | वस्तुगत (बहुवैकल्पिक) प्रश्न | | | विषयगत प्रश्न | | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|
| खण्ड (क) : विषयवस्तुसम्बन्धी ज्ञान | | प्रश्न संख्या | अङ्क भार दर | जम्मा | प्रश्न संख्या | अङ्क भार | जम्मा | प्रश्न संख्या | अङ्क भार |
| १ | विधाको परिचय | ८ | १ | ८ | - | - | - | ८ | ८ |
| २ | भाषाको परिचय | ६ | १ | ६ | - | - | - | ६ | ६ |
| ३ | साहित्य परिचय | ४ | १ | ४ | - | - | - | ४ | ४ |
| ४ | व्याकरण परिचय | १२ | १ | १२ | - | - | - | १२ | १२ |
| ५ | बोध, अभिव्यक्ति र व्यावहारिक तथा सिर्जनात्मक लेखन | १० | १ | १० | - | - | - | १० | १० |
| खण्ड (ख) शिक्षण सहजिकरण प्रक्रिया | | | | | | | | | |
| १ | नेपाली भाषा शिक्षणको अवधारणा | - | - | - | १ | ५ | ५ | १ | ५ |
| २ | अध्यापन योजना, पाठ्यक्रम, पाठ्य पुस्तक र पाठ्य सामग्री | - | - | - | १ | ५ | ५ | १ | ५ |
| ३ | शिक्षण विधि र शैक्षिक सामग्रीको प्रयोग | - | - | - | १ | ५ | ५ | १ | ५ |
| ४ | सीप विधा र व्याकरण शिक्षण | - | - | - | १ | ५ | ५ | १ | ५ |
| ५ | भाषिक मूल्याङ्कन | - | - | - | १ | ५ | ५ | १ | ५ |
| | जम्मा | ४० | १ | ४० | ५ | ५ | २५ | ४५ | ६५ |

द्रष्टव्य :

१. प्रश्न पत्र तयार गर्दा संज्ञानात्मक तहका सबैजसो क्षेत्र समेटिने छन् ।

२. विषयगत प्रश्नहरूमार्फत सिर्जनशीलता र शिक्षणसँग सम्बन्धित व्यावहारिक पक्षहरू मापन गर्ने उद्देश्य राखिने छ ।

३. कण्ठस्थ गरी दिइएका जवाफभन्दा शिक्षण सिकाइसँग सम्बन्धित व्यावहारिक पक्षहरूको विश्लेषण/विवेचना तथा समस्याको समाधान गर्दै दिइएका मौलिक तथा सिर्जनात्मक उत्तरलाई प्रोत्साहित गरिने छ ।

४. खण्ड (ख) अन्तर्गतका शिक्षणकलासँग सम्बन्धित प्रश्नहरु खण्ड (क) मा दिइएका विषयहरुको व्यवहारिक पक्षसँग जोडेर तयार गरिने छन् ।

५. लामो उत्तर आउने प्रश्नहरु शिक्षणमा सूचना प्रविधिको प्रयोगलाई समेत ध्यान दिइने छ ।

५ नमुना प्रश्न

अध्यापन अनुमति पत्रको परीक्षा

तहः माध्यमिक विषयः नेपाली

समयः १ घण्टा ४५ मिनेट पूर्णाङ्कः ६५

उत्तीर्णङ्क :

विषयगत प्रश्न (नमुना)

समूह (क)

तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :

१.लक्ष्मी धर्म संवाद (वि.सं १८५१) का लेखक को हुन् ? (ज्ञान)

(क) रामचन्द्र पाध्या (ख) भानुदत्त (ग) गौरीशङ्कर पण्डित (घ) शक्ति बल्लभ

२.तलको कुन चाहिँ पदावलीमा शून्य रुपायन भएको छ ? (सिप/प्रयोग)

(क) अग्ली केटी (ख) मोटो मान्छे (ग) असल विद्यार्थी (घ) जेठी बहिनी

३. साहित्यको परिभाषाका सन्दर्भमा तलको कुन भनाइ सही छ ? (उच्च दक्षता)

(क) शब्दका माध्यमले हित गर्ने कलात्मक अभिव्यक्ति साहित्य हो ।

(ख) ध्वन्यात्मक शब्दद्वारा विचार प्रकट गर्ने माध्यम साहित्य हो ।

(ग) विस्तारित गद्य आख्यान जस्ता साझा विशेषता भएको रचना साहित्य हो ।

(घ) विचार, शिल्प र भावनाको स्वतन्त्र अभिव्यक्ति साहित्य हो ।

समूह (ख)

तलका प्रश्नहरूको लामो उत्तर दिनुहोस् : ५× ५= २५

१.भाषा शिक्षणको परिचय दिई बहुभाषिक कक्षामा नेपाली भाषा सिकाउँदा परियोजना कार्य गराउने उपायहरू सुझाउनुहोस् ।

२. शिक्षकले पाठ्यक्रमको अध्ययन गर्नुपर्ने कुनै तीन कारण उल्लेख गरी भाषा शिक्षणमा सन्दर्भ र स्रोत सामग्री प्रयोगका एक एक उपयोगिता लेख्नुहोस् ।

३. कक्षा ९ मा कविता शिक्षणका लागि उपयोगी एक विधि, शैणक्षिक सामग्री, सिकाइ उपलब्धि आकलनका तरिका उल्लेख गरी तिनको प्रयोग गर्ने तरिका लेख्नुहोस् ।

४. माध्यमिक तहमा नेपाली भाषा शिक्षण गर्दा तपाइँ भाषिक सीप, विधा र भाषातत्त्वलाई कसरी संयोजन गर्नुहुन्छ ? यी तीनमध्ये कुन पक्षको शिक्षण महत्त्वपूर्ण हुन्छ ? कारण दिनुहोस् ।

५. निरन्तर र आवधिक मूल्याङ्कनको भिन्नता देखाई भाषिक मूल्याङ्कनमा प्रयोगात्मक कार्यको भूमिका स्पष्ट पार्नुहोस् र विद्यार्थीको लेखाइ शिल्प जाँच गर्ने कुनै दुई सङ्क्षिप्त उत्तरात्मक प्रश्न तयार पार्नुहोस् ।

समाप्त